नेपालमा बालबालिकाको जन्मदर्ता सम्बन्धी विषयमा रहेका विद्यमान समस्या तथा चुनौतिहरु
र समाधानका उपायहरु विषयक राष्ट्रिय अध्ययन प्रतिवेदन

# सारांस अनुवाद प्रतिवेदन

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**राष्ट्रिय बाल अधिकार परिषद्**
श्रीमहल, ललितपुर

# कार्यकारी सारांस

## १. पृष्ठभुमी

एसिया र प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक आयोग (UN ESCAP) को पक्ष राष्ट्रको रूपमा नेपालका नागरिक दर्ता प्राप्त गर्न, पहिचानको अधिकार कार्यान्वयनका लागि कानुनी कागजातको रूपमा नागरिकहरुको दर्ता गर्न, नागरिकहरुको अवस्था तथा स्थितिको बारेमा राज्यको पहुँच सुनिश्चित गर्ने  र समयमै पूर्ण व्यक्तिगत तथ्याङ्कहरूको अभिलेखीकरण र प्रकाशन गर्न प्रतिबद्ध छ।

नेपालले १९७६ सालमा "जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (पञ्जीकरण) ऐन" को शुरुवात गरेता पनि वि.स. १९८९ मा मात्र व्यक्तिगत घटना दर्तालाई एक पूर्ण प्रणालीको रुपमा सुरु गरेको थियो। नेपालको संविधानको धारा ३९ (१) ले बालबालिकाको जन्मदर्ताको अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र यसको नियमावलीका व्यवस्थाहरु व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यका लागि कानुनी आधारको रूपमा कार्यान्वयनमा रहेको छ। मुलुकी देवानी (संहिता) ऐन, २०७४ र बालबालिका सम्बन्धी ऐन, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी ऐन, स्थानीय सरकार सञ्चालन ऐन जस्ता अन्य कानुनले पनि जन्म दर्ता मार्फत कानुनी पहिचानको व्यवस्था गरेको छ।

नेपालमा व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, सम्बन्ध विच्छेद, मृत्यु र आन्तरिक बसाइसराइको अभिलेखीकरण गरिन्छ, जसले व्यक्तिको कानूनी पहिचान सहित स्थिति निर्धारण गर्दछ। यस सन्दर्भमा नेपालमा जन्म दर्ता दर सन् २००६ मा रहेको ३५ प्रतिशतबाट बढेर सन् २०१९ मा ७७ प्रतिशत पुगेको छ। नेपाल सरकारले दिगो विकास लक्ष्यहरू कार्यान्वयन गर्ने राष्ट्रिय मार्गचित्र अन्तर्गत सन् २०३० सम्ममा पाँच वर्षमुनिका बालबालिकाको शतप्रतिशत जन्मदर्ता गर्ने प्रतिबद्धता जनाएको छ।नेपाल सरकारको १५औं आवधिक योजनामा पनि यो प्रतिबद्धता झल्किएको छ । जन्म दर्ता दर बढे पनि शतप्रतिशत जन्म दर्ताको लक्ष्य हासिल गर्नमा भने अझै धेरै बाधाहरू रहेका छन्।

## २. अध्ययनको उद्देश्यः

देहाय बमोजिमको विशिष्टकृत उद्देशहरुमा आधारित रही यो अध्ययन गरिएको थियोः-

- जन्मदर्तामा पहुँच र जन्म दर्तामा रहेका सांस्कृतिक, राजनीतिक, भौगोलिक र अवधारणात्मक अवरोधहरू पहिचान गर्ने।
- जन्मदर्ता प्रक्रियालाई सहज बनाउने उपायहरू निर्धारण गर्ने।
- नेपालमा जन्म दर्ता अभ्यासलाई सुदृढ गर्नका लागि व्यावहारिक समाधान र सुझावहरूको सूची उपलब्ध गराउने।

## ३. अध्ययन विधि

यो अध्ययन नेपालमा जन्मदर्ता प्रकृयाका व्यावहारिक समस्याहरु र यसको समाधानका लागि सम्भावित उपायहरु सिफारिस गर्नका लागि गरिएको अध्ययन हो । यस अध्ययनले प्राथमिक सूचना स्रोतका रुपमा गुणात्मक र संख्यात्मक विधिहरू सहित मिश्रित विधि प्रयोग गरेको छ। गुणात्मक विधिहरुमा ७० वटा लक्षित समूह छलफल (FGD) मा ६९३ जना बालक्लबका भाइबहिनीहरु तथा स्थानीय जनप्रतिनिधि लगायत अन्य सरोकारवाला सहभागीहरूसँग अन्तरक्रिया गरिएको छ । यसैगरी सातै प्रदेशमा सरोकारवालाहरुसँग ७ वटा अन्तरक्रियामा २०६ सहभागीहरूसँग छलफल गरेको छ । यसैगरी संख्यात्मक विधिमा स्थानीय पञ्जिकाधिकारी, बैकल्पिक स्याहार प्रदायक र अभिभावकहरुसँग व्यक्तिगत अन्तर्वार्ता गरी नमुना सर्वेक्षण गरिएको छ । सूचनाको द्वित्तीय श्रोतअन्तर्गत यस अध्ययनले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, नीति, योजना, परिपत्रहरु लगायतका दस्तावेजहरुको अध्ययन तथा विश्लेषण गरेको छ । उल्लेखित तथ्याङ्कहरुको अध्ययनबाट प्रतप्त नतिजालाई यस अध्ययनमा विश्लेषण गरिएको थियो।

महिला, सीमान्तकृत र पिछडिएका समूहहरू जस्तै भौगोलिक रूपमा पिछडिएका, दलित र जातीय अल्पसंख्यक लगायतका लक्षित समूहसम्म पुगी उनीहरूको अनुभवको आधारभूत जानकारी प्राप्त गर्न सकिने यस अध्ययनमा प्रयोग गरिएका विधिहरु डिजाइन गरिएको थियो ।

## ४. निष्कर्ष र विश्लेषण

### ४.१ जन्म दर्ता सम्बन्धी कानुनी तथा नीतिगत प्रावधानहरू

राष्ट्रिय परिचयपत्र र पंजीकरण ऐन, २०७६ ले प्रत्येक नवजात शिशुको बारेमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली,२०७७ को अनुसूची- १० मा भएको जन्मको सूचना फाराम भरेर ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जानकारी उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। त्यसो गर्न असफल भएमा जरिवाना समेत हुने व्यवस्था रहेको छ । यदि आमाबाबु अनुपस्थित छन् भने, परिवारको प्रमुख वा अन्य वयस्क सदस्यले जन्म दर्ता गर्नका लागि सूचना दिन सक्छन्। विदेशमा जन्मेको बालबालिकाको हकमा भने जन्मको जानकारीका लागि सम्बन्धित कूटनीतिक नियोगलाई वा नेपाल आइपुगेको ३५ दिनभित्र सो सूचना दिनुपर्ने व्यवस्था छ। यस ऐनले बालबालिकालाई धर्मपुत्र लिने व्यक्तिहरूले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जन्म दर्ता गराउनु पर्ने र मृत जन्म वा जीवित जन्मको जानकारी स्थानीय पञ्जिकाधिकारीलाई जानकारी गराउन अनिवार्य गरेको छ।

### ४.२ **CRVS को सामान्य अभ्यास**

नेपाली समुदायहरूमा जन्मदर्ताको बढ्दो अभ्यास रहेको अध्ययनको निष्कर्षले देखाएको छ । यस अध्ययनमा सहभागी आमाबाबु/अभिभावकहरू मध्ये, ९६ प्रतिशतले सामान्यतया जन्म दर्ताको अभ्यास गरेको पाइएको छ । यस अध्ययनका ४९ प्रतिशत पञ्जिकाधिकारीहरूले आफ्नो समुदायको ८० प्रतिशत वा सोभन्दा बढीले जन्म दर्ता गर्ने अभ्यास गरेको बताए पनि अन्य व्यक्तिगत घटनाहरूको दर्ताको अभ्यास उल्लेखनीय रूपमा कम छ। उदाहरणका लागि, आमाबाबु र अभिभावकहरू बीच विवाह दर्ताको सामान्य अभ्यास ८९ प्रतिशत छ, र तिनीहरूमध्ये थोरै संख्या (३२%) ले मृत्यु दर्ता, वसाईसराई दर्ता (१२%), र सम्बन्धविच्छेद दर्ता (३%) अभ्यास गरेको अध्ययनमा पाइएको छ।

यस अध्ययनमा सहभागी भएका पञ्जिकाधिकारीहरूका अनुसार व्यक्तिगत घटना दर्ताको औसत अनुपात ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा बढी छ। अध्ययनले गण्डकी र लुम्बिनी प्रदेशमा सबैभन्दा बढी व्यक्तिगत घटना दर्ताको तथ्यांक देखाएको छ भने त्यसपछि बाग्मती, मधेस र कर्णाली प्रदेशहरू आउँदछन् । अर्कोतर्फ, प्रदेश १ र सुदूरपश्चिम प्रदेशले व्यक्तिगत घटना दर्ता औषत रुपमा कम संख्यामा रहेको अध्ययनले देखाएको छ । शिक्षित परिवार, दलित समुदाय, सरकारी कर्मचारी, विद्यालयका शिक्षक र सामाजिक अभियान्ताहरूलाई

बहुसंख्यक पञ्जिकाधिकारीहरूले समुदायमा उच्च घटना दर्ता गर्ने समूहको रूपमा उल्लेख गरेका छन्।

अध्ययनले व्यक्तिगत घटना दर्ताहरूमध्ये जन्म र विवाह दर्ताहरू सबैभन्दा प्रचलित छन् भनेर देखाएको छ, साथै मृत्यु दर्ता पनि सामान्य अवस्थामा नै छ। यद्यपि, बसाइँसराइ, अस्थायी वसोवास, र सम्बन्धविच्छेद दर्ताहरू विरलै अभ्यास गरिने गरेको देखिएको छ। नागरिकताका प्राप्ति, आमाबाबुको सम्पत्तिको दाबी गर्नु, र सामाजिक सुरक्षा योजनाहरूमा पहुँच प्राप्त गर्नु व्यक्तिगत घटना दर्ता बढाउनका लागि सकारात्मक कारकहरू हुन्। यद्यपि, वडा कार्यालय पुग्नका लागि लाग्ने लामो समय, अभिभावकको शारीरिक असक्षमता, कानुनी कागजातको अभाव, र पञ्जिकाधिकारीको कार्यालयमा धेरै पटक जानुपर्ने व्यक्तिगत घटना दर्ताका लागि मुख्य वाधाहरू भएको अध्ययनले देखाएको छ।

## ४.३ जन्म दर्ताको अभ्यास

सर्वेक्षण गरिएका आमाबाबु/अभिभावकहरूको औसत परिवारको आकार ५.६ छ जसमा २५ प्रतिशत ६ भन्दा बढी सदस्यहरू भएको र ३४ प्रतिशत ४ सदस्यहरू मात्र भएको परिवार समावेश गिएको छ । सर्वेक्षणका अनुसार सहभागी परिवारमध्ये ७४ प्रतिशतले छोरा र छोरी दुवैको जन्म दर्ता गरेका छन् भने १२ प्रतिशतले छोराहरूको मात्रै जन्म दर्ता गरेको अध्ययनले देखाएको छ। ११ देखी १५ वर्षका बालबालिकाको जन्म दर्ता ४७ प्रतिशत छ, जबकि ६-१० वर्षका बालबालिकाको आधाभन्दा बढी (५५%) जन्मदर्ता भएका छन्। यसबाहेक ५ वर्ष मुनिका ६० प्रतिशत बालबालिकाको जन्म दर्ता भएको अध्ययनले देखाएको छ । ३५ दिनभित्र दर्ता गर्नुपर्ने कानुनी आवश्यकता हुँदाहुँदै पनि आवश्यक परेको बेला मात्र जन्म दर्ता गर्ने गरेको अध्ययनले देखाएको छ। शिक्षित र सम्पन्न परिवारले समेत जन्म दर्तालाई प्राथमिकता नदिने अध्ययनले देखाएको छ।

सर्वेक्षणमा सहभागी पञ्जिकाधिकारीहरूका अनुसार सबैभन्दा बढी ८० प्रतिशतभन्दा बढी जन्म दर्ता भएको रेकर्ड गराउने पञ्जिकाधिकारी कर्णाली प्रदेश (७३%) र त्यसपछि लुम्बिनी प्रदेश (६६.६७%) रहेका छन् । यसको विपरित, मधेस प्रदेशका पञ्जिकाधिकारी मध्ये एक तिहाइ (३३.०२%) ले मात्र ८० प्रतिशतभन्दा बढी जन्म दर्ता गरेको रेकर्ड राख्न सफल भएको जानकारी दिएका छन्। दलितहरूमा अन्य समूहहरूको तुलनामा उच्च जन्म दर्ता दर (२३.५%) छ, सम्भवतः उनीहरूले पाउने पोषण भत्ता कारण हुनसक्ने सर्वेक्षणले देखाउँछ।

अन्य सीमान्तकृत समूहहरू जस्तै मधेसी (१०.८%), तराई जनजाति (८.२%), र मुस्लिम (२.७%) को जन्म दर्ता दर कम रहेको छ।

### ४.४ जन्मदर्ता गर्ने समयसीमा

यस अध्ययनमा सहभागि भएका आमाबाबु र अभिभावकहरू मध्ये पाँच जनामा २ जनाले (३८.८%) मात्र बालबालिका जन्मेको ३५ दिन भित्र आफ्नो बालबालिकाको जन्म दर्ता गरेको अध्ययनले देखाएको छ। करिब १८ प्रतिशतले ३५ दिन र ६ महिनाको बीचमा जन्म दर्ता गर्ने गरेको अध्ययने खुलाएको छ भने यसका अतिरिक्त, करिब एक चौथाई (२४.४%) अभिभावकले आवश्यक परेको बेला मात्र जन्म दर्ता गराएको देखिएको छ, जसमा सबैभन्दा बढी (३२.९%) गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशमा (३२.९%) र सबैभन्दा कम मधेश प्रदेशमा (१६.३%) रहेको छ।

अध्ययनमा रहेका बालगृहहरू मध्ये करिब आधा (४९.०९%) ले जन्म दर्ता गरिसकेपछि मात्र बालबालिकाहरूलाई भर्ना गर्ने गरेको, जबकि एक चौथाई भन्दा बढी (२१.८२%) ले आवश्यक पर्दा जन्म दर्ता गराउने अध्ययनले देखाएको छ। अध्ययनमा सहभागी बाल गृहहरूमा दशमध्ये एक बालगृहले मात्र बालबालिका भर्ना भएको ३५ दिनभित्र जन्म दर्ता गर्ने गरेको र धेरै थोरै संख्या (५.४५%) ले ३५ दिनपछि तर छ महिनाभित्र वा बालबालिका भर्ना भएको छ महिनामा जन्म दर्ता गर्ने गरेको पाइएको छ । साथै एक वर्षको बीचमा धेरै कमले (३.६४%) जन्म दर्ता गर्ने गरेको अध्ययनले देखाएको छ।

### ४.५ जन्म दर्ताका लागि प्रोत्साहन गर्ने कारक तत्वहरू

जन्म दर्तालाई प्रोत्साहन गर्ने कारकहरू के के रहेका छन् भन्ने जानकारी अध्ययनले निकालेको छ। आमाबाबु/अभिभावकहरू र बाल गृहहरूको सर्वेक्षणले देखाए अनुसार कानूनको पालना एक महत्वपुर्ण कारक हो, जुन कारकमा ६५ प्रतिशतले सहमति जनाएका छन्। अन्य कारणहरूमा विद्यालय भर्नाको लागि गरिने दर्ता (६३%), बाल भत्ता दाबी (४८.७%), नागरिकता प्राप्त गर्न (४७.८%), र विद्यालय छात्रवृत्तिका लागि योग्यता प्राप्त गर्न (२७.३%) समावेश छन्। केही थोरै (४.९ %) ले बालगृहहरूले बालबालिकाको भर्ना प्रकृयामा जन्मदर्ता माग गर्ने गरेको कारण पनि जन्म दर्ताका कारण हुनसक्ने बताए।

सहभागी बालगृहहरूका अधिकांश उत्तरदाताहरू (९२.७३%) ले कानुनी व्यवस्था नै जन्म दर्ताको प्राथमिक कारणको रूपमा उल्लेख गरेका छन्। विद्यालयहरूले जन्म दर्ता माग गर्ने (६९.०९%), नागरिकताका लागि आवश्यक (५८.१८%), छात्रवृत्तिहरू प्राप्त गर्न प्रायोजकहरू द्वारा आवश्यक (१६%) पर्ने कुरा उल्लेख गरेका छन्। थोरै बालगृहहरूले छात्रवृत्तिको लागि जन्म दर्ता, आमाबाबुको सम्पत्ति दाबी (१४.५५%), वा राहदानी र भिसा आवेदन (५.४५%) कारणका रूपमा उल्लेख गरेका छन्।

अध्ययनमा सहभागीहरूले बालबालिकालाई विद्यालयमा भर्ना गर्नको लागि जन्म दर्ता गर्ने कारणको रूपमा उल्लेख गरे जवकि यसलाई विद्यालयले आवश्यक परेमा मात्र गर्ने गरेको देखियो। केही विद्यालयहरूले भर्ना प्रकृयामा जन्म दर्ता प्रमाणपत्रको माग गर्दैनन्, तर कक्षा ८ परीक्षाको लागि भने जन्मदर्ता गर्न अनिवार्य रहेको छ। बाल अनुदान जस्ता कार्यक्रमहरूले जन्म दर्ता बढाउनमा महत्वपुर्ण भूमिका खेलेको छ साथै शिक्षा, छात्रवृत्ति, रोजगारी र बीमा जस्ता क्षेत्रहरूमा जन्म दर्ता प्रमाणपत्र आवश्यकता भएकाले जन्मदर्ताको महत्व बढेको देखिएको छ । बाल भत्ता जस्ता प्रोत्साहनहरू प्रदान गरिएका समुदायहरूमा जन्मदर्ता दरहरू उच्च भएकाले सक्रिय सामाजिक सुरक्षा कार्यक्रमहरू नेपालमा प्रतिक्रियात्मक उपायहरू भन्दा बढी प्रभावकारी छन् भन्ने कुरा अध्ययनले देखाउँछ।

## ४.६ ढिलाइ वा जन्म दर्ता नभएको कारणहरू

यस अध्ययनमा सहभागि भएका आमाबाबु र अभिभावकहरूको सर्वेक्षणमा, केवल एक चौथाइ (प्रतिशत १४.२) ले तत्काल जन्मदर्ता आवश्यकता नभएको कारण तोकिएको समयभन्दा ढिला वा जन्म दर्ता जगरेको कारणको रूपमा जानकारी दिएका छन् भने १३ प्रतिशतले वडा कार्यालय टाढा रहेको कारण जन्मदर्तामा ढिलाई वा नभएको बताएका छन्। बालविवाह (१२.३%), धेरै कागजात माग्नु (९.८%), र आमाको नागरिकताको अभाव (६%) पनि ढिलो जन्म दर्ताको कारणका रूपमा उल्लेख गरिएको छ। तुलनात्मक रूपमा, एक नगण्य संख्या (०.७%) ले ढिलाइको कारणको रूपमा बुबाको पहिचान नभएको उल्लेख गरेको छ।

ढिलो वा जन्म दर्ता नगर्नुको कारणबारे सोध्दा पञ्जिकाधिकारीहरूले धेरै कारणहरू उल्लेख गरे जसमा आधाभन्दा बढी (५५.२%) ले कम उमेरमा विवाहलाई ढिलाइ वा दर्ता नभएको कारण बताए, जसमध्ये ७१ प्रतिशत मधेस प्रदेशका छन्। औसत २७.९ प्रतिशत पञ्जिकाधिकारीहरूले उल्लेख गरे अनुसार अस्थायी बसोबास अर्को साझा कारण थियो, जसमा,

सबैभन्दा बढी अनुपात (४०.४%) प्रदेश १ मा रहेको छ , त्यसपछि कर्णाली (३४.८%) र गण्डकी (३१.३%) प्रदेशहरू रहेका छन्।

अध्ययनमा सामेल भएका बालगृहका उत्तरदाताहरूले ढिलाइ वा जन्म दर्ता नभएको विभिन्न कारणहरू दिए। दुबै आमाबाबुको पहिचानको कमीलाई लगभग एक तिहाइ (३२.७३%) ले दर्ता ढिलाइको कारणको रूपमा उल्लेख गरेको छ। यद्यपि, एक तिहाइभन्दा कम (२९.०९%) ले आमाको नागरिकता नहुँदा जन्म दर्तामा ढिलाइ भएको कारण देखाएको छ। उद्धृत गरिएका अन्य कारणहरूमा परिवारका सदस्यहरूबाट सहयोगको अभाव, अधिकारीहरूले सहयोग नगर्ने, बाबुले बालबालिकाको पहिचान गर्न अस्वीकार गरेको जस्ता कारणहरू समावेश भएका छन्।

अध्ययनका सहभागीहरूले नेपालमा जन्म दर्तामा ढिलाइ हुनुको प्रमुख सामाजिक-सांस्कृतिक कारणका रूपमा नामकरण वा पास्नी जस्ता सांस्कृतिक अभ्यासहरू भएको बताए । नामकरण समारोह नेपाली समाजको एक महत्वपुर्ण समारोह हो जसलाइ हिन्दु समुदायले एक पवित्र घटना मान्छन् जुन ज्योतिषीय गणना द्वारा निर्धारित शुभ समयमा गर्नुपर्दछ। फलस्वरूप, आमाबाबुले समारोह पूरा नभएसम्म जन्म दर्ता प्रक्रियालाई ढिलाइ गर्न सक्छन्, जसमा हप्ता वा महिना पनि लाग्न सक्छ।

### ४.७ जन्मदर्ता प्रकृयाका समस्याहरु

अध्ययनले बालबालिकाको जन्मदर्ताका निम्नलिखित मुख्य अवरोधहरू पहिचान गरेको छ।

- दर्ता नगरिएका बालविवाह
- अभिभावकको नागरिकता नहुनु
- आमाहरूले बाबु बेपत्ता भएमा प्रहरी प्रमाणीकरण रिपोर्ट पेश गर्ने जस्ता कानुनी व्यवस्था पुरा नगर्नु
- पञ्जिकाधिकारीहरूले बाबुको पहिचानको कानुनी प्रमाण, विवाहको प्रमाण, र बलात्कारबाट जन्म भएको प्रमाण जस्ता धेरै कागजातहरू माग गर्नाले आमाहरूले जन्म दर्ता गर्न व्यावहारिक कठिनाइहरू/असहजताहरू रहेको
- नागरिक चेतनाको अभाव र केही पञ्जिकाधिकारीहरूको पक्षपाती मनोवृत्ति
- ढिला जन्म दर्ता गर्न लाग्ने विलम्ब शुल्कले जन्मदर्तालाई निरुत्साहित/ हतोत्साहित गरेको ।

- बसाइसराई प्रमाणपत्रको अभाव
- वडा कार्यालय (पञ्जिकरण) टाढा हुनु
- पर्याप्त कागजातहरू भएता पनि कानुनद्वारा अनिवार्य नगरेको आमा र बुबाको भौतिक उपस्थितिको पञ्जिकाधिकारीहरूको माग
- परिवारका सदस्यहरूबाट सहयोगको कमी
- जन्म दर्ता विलम्बको कारण लैङ्गिक पहिचानमा अस्पष्टता हुनु।

## ४.८ जन्म दर्ताको लागि सहजीकरण तथा सहयोग

आमाबाबु र पञ्जिकाधिकारीहरूसँग गरिएको सर्भेको क्रममा जन्म दर्ताको लागि स्थानीय स्तरमा सहयोगी निकायहरूको रूपमा विभिन्न किसिमका समुदायमा आधारित समूहहरु तथा निकायहरु पहिचान गरेका छन्। पञ्जिकाधिकारीहरूका अनुसार सबैभन्दा सहयोगी समूहका रूपमा शिक्षकहरू, त्यसपछि गैरसरकारी संस्थाहरू र स्थानीय प्रहरी अधिकारीहरू रहेका छन् । तुलनात्मक रूपमा सबैभन्दा सहयोगी समूहको रूपमा आमाबाबु/अभिभावकहरूको समुह रहेको अध्ययनमा देखिएको थियो भने २८.७९ प्रतिशत आमाबाबु/अभिभावकहरूको समुहले कसैबाट पनि सहयोग प्राप्त गर्न नसकेको वताएका थिए।

## ४.९ निष्कर्ष र सिफारिस

**निष्कर्षहरुः-**

व्यक्तिगत घटनाहरू जस्तै जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ र मृत्युलाई दर्ताको महत्व समुदायस्तरमा बुझे पनि सबै घटनाहरू समान रूपमा अभ्यास गरिएको देखिदैन। जन्म, विवाह र मृत्यु दर्ताहरू सामान्य रुपमा दर्ता भएका छन्, बसाइसराइ र सम्बन्धविच्छेद दर्ताको अभ्यास कम रहेको छ भन्ने निष्कर्ष यस अध्ययनमा गरिएको सर्वेक्षण, लक्षित समुह छलफल, परामर्श र डेस्क रिभ्युले देखाएको छ। विभिन्न किसिमका अवसरहरू र अधिकारहरू प्राप्तिका लागि जन्म दर्ता अत्यावश्यक हुनुका साथै सबै किसिमको व्यक्तिगत घटना दर्तालाई प्रवर्द्धन गर्नाले स्वतः सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्दछ। कानुनी पालना, नागरिकता, राहदानी र आमाबाबुको सम्पत्ति दाबी लगायतका विषयहरु समुदायमा

जन्म दर्ताका प्रमुख कारकहरू थिए, जसमा कानुनी बाध्यताले जन्म दर्ताका दरहरू बढाएको छ। सीमान्तकृत र बहिष्कृत समुदायहरूमा बढ्दो जन्म दर्तामा सामाजिक सुरक्षा योजनाहरूले सकारात्मक प्रभाव पारेको छ।

यद्यपि, जन्म दर्ता प्रक्रियामा धेरै कानुनी र प्रक्रियागत अवरोधहरू छन् जसले बालबालिकालाई जन्मदेखि नागरिकको रूपमा दर्ता गर्ने अधिकारलाई अस्वीकार गर्दछ, तेस्रो लिङ्गी व्यक्तिहरूको अधिकारलाई असर गर्दछ, प्रवासी परिवारहरूका लागि चुनौतीहरू सिर्जना गर्दछ र दर्ता प्रक्रियामा अन्योल पैदा गर्दछ। वैकल्पिक हेरचाहमा बालबालिकाको भर्ना प्रकृयामा पुरा गर्नुपर्ने न्यूनतम कानूनी प्रकृयाहरु अभ्यासको अभाव, नामकरण र पास्नी समारोह जस्ता सांस्कृतिक अभ्यासहरूका कारण समुदायस्तरमा व्यापक कानूनी शिक्षा र सूचना अभियान सञ्चालन गरेता पनि समयमै जन्म दर्ता गराउन चुनौतीपूर्ण रहेका छन्। स्थानीय कर्मचारी, प्रहरी अधिकारी, विद्यालयका शिक्षक, राजनीतिक नेता, गैरसरकारी संस्थाका कर्मचारी र आफन्तजनलाई पर्याप्त र सान्दर्भिक जानकारीका साथ परिचालन गरी जन्म दर्ताको दर बढाउन सकिन्छ। जन्म दर्ताका लागि स्थानीय स्वास्थ्य संस्था र विद्यालयलाई निरीक्षक मात्र नभई सहजकर्ता बनाउनुले जन्म दर्ताको अभ्यास वढाउने अध्ययनले देखाएको छ।

यसबाहेक, जन्म दर्ता प्रमाणपत्रमा जानकारी सच्याउनको लागि सीमित समय सीमा र स्थायी बसोबासको स्थानमा जन्म दर्ता गर्नुपर्ने जस्ता अवरोधहरूले बालबालिकालाई जन्मदेखि नागरिकको रूपमा दर्ता हुने मौलिक अधिकारबाट वञ्चित गरेको छ। यसले बसाइ सरेका वा स्थायी बसोबास नभएका परिवारहरूका लागि थप चुनौतीहरू सिर्जना गर्दछ। जन्म प्रमाणपत्रमा जानकारी सही गर्नको लागि सीमित समय सीमाले लैंङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको पहिचान र अधिकारको संरक्षणलाई पनि असर गरेको छ। यसबाहेक, नियम, निर्देशन, र परिपत्रहरू बीचको तालमेलको अभावले जन्म दर्ता प्रक्रियामा अन्योल र असंगति निम्त्याएको छ भने यसको प्रभावकारितालाई समेत कमजोर पारेको छ।

**सिफारिसहरुः-**

**<u>कानूनी सुधारहरु</u>**

यस अध्ययनले जन्म दर्तामा बाधा पुऱ्याउने ठोस र प्रक्रियागत दुवै प्रकारका कानुनी अवरोधहरू पहिचान गरेको छ। यस सम्बन्धमा, संघीय सरकार, राष्ट्रिय परिचयपत्र तथा

पञ्जीकरण विभागले आवश्यक कानुनी संशोधनका लागि पहल गर्नुपर्ने देखिएको छ र स्थानीय पञ्जिकाधिकारीहरूलाई विस्तृत रूपमा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तथा निर्देशिका जारी गरी अभिमूखीकरण गर्न आवश्यक रहेको छ ।

(क) दफा १८ मा भएका व्यवस्थालाई परिमार्जन गर्न आवश्यक छ। सार्वजनिक र निजी अस्पताल, बर्थिङ सेन्टर, महिला वास्थ्य स्वयम सेवीका, स्वास्थ्य चौकी, प्रारम्भिक बाल बिकाश केन्द्र र विद्यालयहरूले स्थानीय पञ्जिकाधिकारीहरूलाई जन्मको सूचना दिने व्यवस्था हुनुपर्छ। साथसाथै जन्मको सूचना र जन्म दर्ताको बीचमा पनि स्पष्ट भिन्नता हुनुपर्छ।

(ख) नागरिकता नभएका आमाबाबुबाट जन्मेका सन्तानको जन्मदर्ता गराउन सक्ने गरि दफा २० (२) परिमार्जन गरिनुपर्छ । यस ऐनले संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धीको धारा ८ लाई पूर्ण रूपमा सम्बोधन गर्ने गरी राज्यलाई बालबालिकाको जन्म दर्ताको लागि जिम्मेवार बनाउने प्रावधान थप्नु पर्छ।

(ग) विवाह दर्ता नम्बर सहित विवाह जानकारीको विवरण पेश नगरी जन्म दर्ता गर्न मिल्ने गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७६ को अनुसुचि १० परिमार्जन गरिनुपर्छ।

(घ) बालबालिकाको उमेर, नाम, वा जात एक पटक मात्र सच्याउन पाउने तर ति विवरण सच्याउन कुनै समय सिमा नहुने व्यवस्थाका लागि दफा २५ परिमार्जन गरिनुपर्छ।

(ङ) ऐनले जन्म दर्तालाई सामाजिक सुरक्षा योजनासँग जोड्ने व्यवस्था गर्नुपर्छ ।

(च) शरणार्थी र शरणार्थी परिवारमा जन्मेका सबै बालबालिकालाई ऐन अन्तर्गत जन्मदर्ता गर्न विशेष व्यवस्था गरिनुपर्छ ।

(छ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट विभिन्न समयमा जारी भएका निर्देशन तथा परिपत्रहरुको एकिकृत गर्न र तादम्यता मिलाउन ऐनको संशोधन आवश्यक रहेको छ ।

(ज) जन्म दर्ता सम्बन्धी कानून कार्यान्वयन गर्ने कुनै पनि निकायले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ मा भएका व्यवस्थालाई नछुटाउन र बालबालिकाको

अधिकारको पूर्ण प्राप्तिको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ मा एउटा दफा थप्नुपर्नेछ।

(झ) ऐनमा CRVS सँग सम्बन्धित संस्थागत संयन्त्र सम्बन्धी व्यवस्थालाई परिमार्जित गर्नुपर्छ जसमा संविधान अनुरूप तीन तहको सरकारको स्पष्ट रूपमा परिभाषित अधिकारहरु समावेश हुन्छन्।

(ञ) CRC समापन टिप्पणी २००५ र २०१६ द्वारा प्रदान गरिएका सिफारिसहरू समावेश गर्न ऐनलाई परिमार्जन गर्नुपर्छ।

**<u>प्राविधिक व्यवस्थापन र प्रवधिकरण</u>**

विद्यालय, स्वास्थ्य सेवा र सामाजिक सुरक्षा योजनाहरूबीचको राम्रो समन्वयले शतप्रतिशत जन्म दर्ता गराउन सहयोग पुग्ने अध्ययनले निष्कर्ष निकालेको छ । जन्म सम्बन्धी सूचना दिने एप्लिकेशन विकास गर्ने, स्थानीय पञ्जिकाधिकारीलाई प्राविधिक सहयोग उपलब्ध गराउने, अनलाइन सूचना प्रणाली सिर्जना गर्ने र अभिभावकहरूका लागि कार्यलय समय भन्दा अन्य समयको सेवा सुविधा उपलब्ध गराउने जस्ता कार्यक्रम विकास गरि समन्वय सुधार गर्न आवश्यक छ। आमाबाबुको वैवाहिक र वसोवास स्थिति प्रमाणित गर्ने प्राविधिक व्यवस्था पनि हुनुपर्छ।

**<u>वैकल्पिक मानव संसाधनको समन्वय र परिचालन</u>**

जन्म दर्ता सुधार गर्नको लागि राम्रो जनशक्ति व्यवस्थापन र परिचालन आवश्यक छ जसमा जन्म दर्तालाई सहयोग गर्न प्रत्येक नगरपालिकामा एक तोकिएको पञ्जिकाधिकारी , शिक्षक, स्वास्थ्य स्वयंसेवक, स्थानीय सामाजिक सेवी, र बाल कल्याण अधिकारीहरूलाई थप प्रोत्साहनका साथ जन्म दर्ताको लागि परिचालन गर्ने। लक्षित क्षेत्रहरूमा CRVS शिविरहरूको अभ्यासको प्रवर्द्धन गर्ने। अहिलेको जनशक्तिहरूको संलग्नता धेरै क्षेत्रमा भएकोले उनिहरूमा बढी भार हुन गएको अध्ययनले देखाएको छ ।

**<u>प्रोत्साहन भत्ता</u>**

सामाजिक सुरक्षा लागयतका प्रोत्साहनमूलक बार्यक्रमले आमाबाबुलाई आफ्नो बालबालिकाको जन्म दर्ता गर्न प्रोत्साहित गर्न सक्छ, जसमा स्वास्थ्य संस्थामा वच्चा जन्माउन निःशुल्क

एम्बुलेन्स उपलब्ध गराउने, जन्म दर्ता भएका बालबालिकाहरूको लागि निःशुल्क शिक्षा, स्वास्थ्य र बीमा उपलब्ध गराउने र सीमान्तकृत समूहका बालबालिकाका लागि अनिवार्य जन्म दर्ता गरि बाल अनुदान र विशेष प्रोत्साहन अनुदान प्रदान गर्नु आवश्यक रहेको अध्ययले देखाएको छ ।

**<u>सहयोग र सहजीकरण प्रणाली</u>**

जन्म दर्ता दर सुधार गर्नका लागि धेरै उपायहरू कार्यान्वयन गरे पनि, सबै बालबालिकाको जन्मदर्तामा पहुँच पुऱ्याउन अझै पनि चुनौती र जटिलताहरू छन्। त्यसैले जन्म दर्ता प्रक्रियामा नियमित सहयोग प्रदान गर्न साथै समस्याहरुको सम्बोधनका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको सहकार्यमा राष्ट्रिय बालअधिकार परिषद्मा जन्म दर्ता तथा बाल पहिचान सहजीकरण इकाई स्थापना गर्नु र प्रदेश स्तरमा प्रदेश बालबालिका खोजतलास समन्वय केन्द्रमा सहयोग र सहजीकरण इकाई स्थापना गर्नु लाभदायक हुनसक्छ ।

## ४.१० निष्कर्ष र सुझाव

### निष्कर्ष

लक्षित समुह छलफल, परामर्श, र व्यक्तिगत सर्वेक्षणबाट आएको तथ्याङ्क र विश्लेषणको आधारमा, अध्ययनले निम्न निष्कर्ष र सुझावहरु निकालेको छ।

नेपालमा बालबालिकाको जन्मदर्ता सम्बन्धी मुख्य समस्याहरु र समाधानका उपायहरु विषयक राष्ट्रिय अध्ययनको क्रममा गरिएको ७० वटा लक्षित समूह छलफलका ६४६ जना बालबालिका तथा जनप्रतिनिधि र कर्मचारीहरु, ८ वटा सरोकारवालाहरु सँगको अन्तरक्रियाका २१८ जना सरोकारवालाहरु, १६७१ जना अभिभावक, ४०२ जना स्थानीय पञ्जिकाधिकारी, ५५ जना वैकल्पिक स्याहार प्रदायकसँगको अन्तर्वार्ताबाट प्राप्त तथ्य तथा तथ्याङ्कको विश्लेषणका आधारमा निम्न निष्कर्षहरु अध्ययनले निकालेको छः-

(क) सबै किसिमका व्यक्तिगत घटना दर्तालाई समान प्रयोग तथा अभ्यास नगरिएको

जन्म, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ र मृत्युलगायत रजिष्ट्रारको कार्यालयमा सूचना र दर्ता गर्नुपर्ने महत्वपूर्ण घटनाका रूपमा जीवनका पाँच प्रमुख घटनाहरू पहिचान गरिएका छन् । व्यक्तिगत घटना दर्ताका सम्बन्धमा भएका विभिन्न सचेतनामूलक अभियानहरूका कारण समुदायस्तरमा व्यक्तिगत घटना दर्ता तथा यसको कानूनी तथा व्यक्तिगत महत्वको बारेमा राम्रो जानकारी रहेको पाइएको छ । तथापि, सबै किसिमका व्यक्तिगत घटनाहरू समुदायस्तरमा समान रूपमा अभ्यास गरेको पाइदैन। जन्म, विवाह र मृत्यु दर्ता व्यक्तिगत घटनाहरूको मुख्य घटनाहरु हुन् । सामाजिक सुरक्षा, शैक्षिक अवसर, नागरिकताको पहिचान, सम्पत्तिदाबीको आवश्यकता र स्वामित्वको संरक्षण लगायतका विषयहहरु व्यक्तिगत घटना दर्ताका महत्वपूर्ण आधारहरु रहेको अध्ययनमा देखिएको छ । बसाईसराइ र सम्बन्धविच्छेद जस्ता घटनाहरुको दर्तामा उल्लेखनीय रूपमा कम अभ्यास गरिएको पाइएको छ।

(ख) सत्प्रतिशत जन्मदर्ताका लागि सबै किसिमका व्यवक्तिगत घटना दर्ताको अभ्यास उत्तिकै रुपमा हुन आवश्यक रहेको

प्रत्येक व्यक्तिगत घटना कानुनी र सामाजिक रूपमा महत्वपुर्ण हुन्छ । एक व्यक्तिको जीवनमा प्रारम्भिक व्यक्तिगत घटनाको रूपमा जन्मदर्ता छ र यसले धेरै अवसरहरू र

अधिकारहरूको सृजना  गर्दछ। तर अन्य सबै व्यक्तिगत घटनाहरू जन्म दर्ता प्राप्त गर्नमा धेरै महत्वपूर्ण हुन्छन्। उदाहरणका लागि, दर्ता नगरिएका अस्थायी बासिन्दा, विवाह, मृत्यु, र सम्बन्धविच्छेदले जन्म दर्तालाई अत्यधिक प्रभाव पार्छ किनभने यी कागजातहरू जन्म दर्ता गर्न आवश्यक हुने अध्ययनले देखाएको छ।जन्म दर्ता बाहेक अन्य व्यक्तिगत घटनाहरूको अभ्यास नगरेको कारण स्थानिय पञ्जिकाधिकारीहरूले जन्म दर्ताका लागि आवश्यक कागजातहरू मिलाउन धेरै कठिनाइहरूको सामना गर्नुपर्दछ।तसर्थ, समुदायमा १०० प्रतिशत जन्म दर्ता सुनिश्चित गर्न व्यक्तिगत घटना दर्ता प्रवर्द्धन गर्न आवश्यक रहेको देखिन्छ।

(ग) कानुनी अधिकारले जन्म दर्तालाई सकारात्मक रूपमा समर्थन गर्दछ

यस अध्ययनको क्रममा गरिएको लक्षित समूह छलफलका सहभागी, सरोकारवालाहरु सँगको अन्तरक्रियाका सहभागी, अभिभावक, पञ्जिकाधिकारीहरू अनुसार कानुनी पालना, नागरिकता प्रक्रियाको क्रममा आवश्यकताहरू, राहदानी बनाउने प्रक्रिया, र अभिभावकको सम्पत्ति दाबी गर्ने जस्ता कारणहरूले समुदायमा जन्म दर्ता अभ्यास गर्ने प्रमुख कारणहरू रहेको बताए।कानुन पालना गर्नै पर्ने बाध्यात्मक अवस्था भएकाले पनि जन्म दर्ता केहि हद सम्म बढेको देखिन्छ। यसले बालबालिका र व्यक्तिहरूलाई आफ्नो मूलको पहिचान गर्न र भविष्यमा नागरिकतामा पहुँच सुनिश्चित गर्न सहयोग गर्ने अध्ययनले देखाएको छ। तसर्थ, व्यक्तिको जीवनमा हुने विभिन्न कानुनी प्रक्रियाहरूमा जन्म दर्ता अनिवार्य हुन्छ; जस्तै विद्यालय भर्ना, नागरिकता प्राप्त गर्ने, अभिभावकको सम्पत्ति दाबी गर्ने, विवाहको मान्यता, राहदानी प्राप्त गर्ने, जग्गा वा सम्पत्ति खरिद गर्ने, बैंक खाता खोल्ने आदि। जे होस्, जन्म दर्ता नभएकै कारण कुनै पनि व्यक्ति आधारभूत आवश्यकताहरू जस्तै शिक्षा, स्वास्थ्य, आवास आदि जस्ता अधिकारहरूबाट वञ्चित हुनु हुदैन। तसर्थ, कानूनको सहायता र अन्य कार्यक्रमहरूको सहयोगबाट वाधाहरू हटाउन जरुरी भएको अध्ययनले देखाएको छ।

(घ) सामाजिक सुरक्षा योजनाहरू र कार्यक्रमहरूले जन्म दर्तालाई प्रोत्साहन गर्छ

यस अध्ययनको सहभागिहरू अनुसार छात्रवृत्ति, वृद्ध भत्ता, अपाङ्गता भत्ता, बाल अनुदान, एकल महिला भत्ता, अल्पसंख्यक जातिलाई दिइने भत्ता लगायतका सामाजिक सुरक्षा योजनाहरूले सीमान्तकृत र बहिष्कृत समुदायहरूमा जन्म दर्ता बढाउन सकारात्मक प्रभाव पारेको वताए। यसले व्यक्तिगत घटना दर्तालाई सामाजिक सुरक्षा योजनाहरूसँग जोड्दा पिछडिएका समुदायहरूमा जन्म दर्ता गर्ने अभ्यास बढेको प्रमाण दिएको छ। तसर्थ, सामाजिक सुरक्षा योजना र व्यक्तिगत घटना दर्तालाई जोडेर कार्यक्रम वनाइ समुदायमा लान सकेमा यसले

जन्म दर्ता वढाउन सहयोग गर्ने अध्ययनले देखाएको छ। स्थानिय स्तरमा विभिन्न कार्यक्रमहरूले जन्म दर्तालाई सामाजिक सुरक्षा योजना र अन्य सेवाहरूसँग जोडेका छन्। तथापि, ऐनले जन्म दर्तालाई सामाजिक सुरक्षा योजनाहरू र अन्य सेवाहरूमा जोड्ने प्रावधान सुनिश्चित गर्न सकेको छैन। तसर्थ: यस्ता प्रावधानहरूको अभावमा, यी कार्यक्रमहरू दिगो रहन सक्दैन।

(ङ) जन्म दर्तामा केही ठोस कानुनी अवरोधहरू/ वाधाहरू

जन्म दर्ता प्रक्रियामा विभिन्न किसिमका अवरोधहरू विभिन्न रूपमा देखिने गरेका छन्। जन्म दर्ता प्रमाणपत्रमा नाम, थर, उमेर, र अन्य विवरणहरू सम्बन्धी जानकारी सही गर्न सीमित समय सीमा हुनाले, स्थायी ठेगानामा जन्म दर्ता हुनुपर्ने वाध्यता र विभिन्न नियम, निर्देशन, र परिपत्रहरू बीच तालमेलको अभाव जस्ता थुप्रै किसिमका कानुनी वाधाहरू जन्म दर्ता प्रक्रियामा देखिएका छन्। महत्वपुर्ण व्यक्तिगत घटना दर्ता मध्येको एक जन्म दर्ताको अभावले बालबालिकालाई जन्मदेखि नै नागरिकको रूपमा दर्ता हुने मौलिक अधिकारबाट वञ्चित गर्दछ। साथसाथै जन्म दर्ता प्रमाणपत्रमा रहेका जानकारी सही गर्नको लागि सीमित समय सीमाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको अधिकारको पहिचान र संरक्षणलाई समेत असर गरेको छ। स्थायी बसोबासको ठेगानामा जन्मदर्ता गर्नु पर्ने वाध्यताले बसाइ सरेका वा स्थायी बसोबास नभएका परिवारहरूका लागि थप समस्या खडा गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐनमा उल्लेख व्यवस्थाहरु अन्य नियमावली, निर्देशन र परिपत्रहरू सँग नमिलेको हुँदा जन्म दर्ता प्रक्रियामा अन्योलता निम्त्याएको छ भने यसको प्रभावकारितालाई पनि थप कमजोर बनाएको छ।

(च) जन्मदर्तामा प्रक्रियागत र प्राविधिक अवरोधहरू

विभिन्न संवैधानिक प्रावधानहरूको साथै जन्म दर्ता र पहिचानको मौलिक संवैधानिक अधिकार हुदाँ हुदै पनि अनलाइन जन्म दर्ताका धेरै प्रक्रियागत र प्राविधिक पक्षहरूले बालबालिकाको जन्म दर्ता प्रकृयामा बाधा पुर्‍याएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसुची १० मा रहेको आमाबाबुको विवाह दर्ता नम्बर सहित विवाह सम्बन्धी जानकारी र नागरिकता पेश गर्नुपर्ने आवश्यकताका कारण आमाबाबुले सामना गर्नु पर्ने प्रक्रियागत कठिनाइहरू अध्ययनले पहिचान गर्‍यो। त्यसैगरी, अनलाइन जन्म दर्ता सफ्टवेयरले जन्मदर्ता गर्न विवाह दर्ता प्रमाणपत्र अनिवार्य उपलब्ध गराउनु पर्छ। विवाह दर्ता प्रमाणपत्र उपल्बध नगराइकन सफ्टवेयरले जन्मदर्ता प्रक्रिया अगाडि बढ्न अनुमति

दिँदैन, जसका कारण धेरै जन्म दर्ताहरू पुरा भएका छैनन्। तसर्थ, जन्म दर्ताको पहुँचलाई सहज बनाउन र बढाउन सफ्टवेयरमा प्रक्रियागत प्रावधान र सुधारहरू आवश्यक छ।

(छ) स्थानीयहरूको सहयोग र सहायताले जन्म दर्ता बढाउन सकिन्छ।

यस अध्ययनमा सहभागी भएका सहभागीहरूले स्थानीय स्तरका कर्मचारी, स्थानीय प्रहरी अधिकारी, विद्यालयका शिक्षक, स्थानीय नेता, गैरसरकारी संस्थाका कर्मचारी र आफन्तजनलाई जन्म दर्ताको अभ्यासलाई बढाउन सहयोगीको रूपमा परिचालन गर्नुपर्ने सुझाव दिएका छन् । जन्म दर्ता सम्बन्धी पर्याप्त र उपयुक्त जानकारीको साथ स्थानीय स्तरमा प्रोत्साहन गर्न सक्ने समुहका रूपमा जस्तै, स्थानीय स्तरका कर्मचारी, स्थानीय प्रहरी अधिकारी, विद्यालयका शिक्षक, स्थानीय नेता, गैरसरकारी संस्थाका कर्मचारी र आफन्तजनलाई परिचालन गर्नाले शतप्रतिशत जन्म दर्ता हासिल गर्न सक्ने अध्ययनले देखाएको छ।

(ज) अभिभावकहरूमा जन्म दर्ता सम्बन्धी वृहत जानकारी साथै कानुनी शिक्षाको कमी छ ।

यस अध्ययनले निकालेको निष्कर्ष अनुसार धेरै अभिभावकहरूले जन्मदर्ताको महत्वको बारेमा बुझ्नुभएको छ। तथापी धेरै अभिभावकहरू जन्मदर्ता गर्दा आवश्यक पर्ने कानुनी कागजातका बारेमा अनविज्ञ छन्। फलस्वरूप अभिभावकहरूले जन्मदर्ता गर्न पञ्जिकाधिकारी कार्यालय धेरै चोटी जानु पर्ने साथै झन्झट र निरासा व्यहोर्नु परेको छ। व्यापक कानुनी शिक्षा र सूचना अभियान सामुदायिक स्तरमा लान सकेमा जन्मदर्ता अभियानलाई सुदृढ गर्न सकिन्छ।

(झ) नियमनको प्रकृयामा नआएका वैकल्पिक हेरचाह प्रदाय संस्थाहरुमा बालबालिकाको जन्म दर्ताको अधिकार कार्यान्वयनमा असर गरेको छ।

वैकल्पिक हेरचाह, बाल गृहहरूमा विशेष गरी बालबालिका भर्ना, स्थानान्तरण र पुनर्स्थापनामा केन्द्रित अनुगमन र नियमनको अभावले बालबालिकाको जन्म दर्तालाई असर गरेको छ। यस अध्ययनमा सहभागी बालगृहका उत्तरदाताहरूका अनुसार जन्म दर्ता र पहिचानको समस्या भोग्नेहरूमा बालगृहहरूमा जन्म दर्ता नगरी भर्ना गरिएका हराएका र वेवारिसे फेला परेका बालबालिकाहरू रहेका छन्।

(ञ) विद्यालय र स्वास्थ्य सेवा सुविधाहरूले जन्म दर्ता अभ्यास वढाउन सकिनछ

स्थानीय स्तरमा स्वास्थ्य सेवा दिने संस्थाहरू र विद्यालयहरूमा भर्ना हुन आउने बालबालिकाहरूको जन्म दर्ता छ वा छैन भनि स्वास्थ्य संस्थाहरू र विद्यालयहरूले एकिन गर्नु आवश्यक देखिन्छ जसले जन्म दर्तालाई प्रोत्साहित गर्न सहयोग गर्छ। यद्यपि, जन्मदर्ता नभएकै कारण बालबालिकाहरू स्वास्थ्य सेवा र विधालयमा भर्ना पाउने अधिकारबाट वञ्चित हुनु हुदैन। बरु विद्यालय र स्वास्थ्य संस्थालाई जन्म दर्ता निरीक्षकको रुपमा मात्र नभई जन्म दर्ताका लागि सहजकर्ताको रुपमा परिचालन गरिनुपर्छ। ।

(ट) जन्मदर्ता ढिलाई हुनुमा सामाजिक-सांस्कृतिक पक्ष

आन्तरिक र बाह्य अस्थायी बसाइसराइ नेपालमा सामान्य सामाजिक व्यक्तिगत घटना हो। व्यक्तिगत घटना दर्ता मध्ये बसाइसराइ प्रमुख व्यक्तिगत घटना दर्ता हो। यद्यपि बसाइसराइ व्यक्तिगत घटना दर्ताहरू मध्ये एक भएता पनि यसको अभ्यास कम छ। अर्कोतर्फ, स्थायी ठेगानामा व्यक्तिगत घटना दर्ता गर्नुपर्ने कारणले जन्म दर्तामा ढिलाई जस्ता समस्याहरू देखिएका छन्। परम्परागत रूपमा नामकरण र पास्नी जस्ता समारोहहरूले जरा गाडेर बसेको अवस्था छ जसले समयमै जन्म दर्ता गर्न बाधाहरू निम्ताएका छन् । तसर्थ: सांस्कृतिक परम्पराका कारण अधिकांश सहभागीहरूले जन्मेको एक वर्षभित्र जन्म दर्ता गराउने गरेको अध्ययनले देखाएको छ ।

## सुझावहरू

माथी आएका निष्कर्ष र यस अध्ययनमा सहभागी भएका सहभागीका सुझावहरूको आधारमा, नेपालमा जन्म दर्ता गर्ने अभ्यासलाई सुदृढ बनाउन निम्न सुझावहरू छन्:

### कानुनी प्रावधानहरूमा संशोधन

संवैधानिक भावना विपरीत, अन्तर्राष्ट्रिय महासन्धिहरू र सबै बालबालिकाहरूको जन्म दर्ता अभ्यास गर्ने प्रतिबद्धता विपरीत सबै बालबालिकाको जन्मदर्तामा पहुँचमा नहुनुमा केही कानुनी प्रावधानहरू रहेकाले निम्न आधारभूत कानुनी संसोधन गर्नका लागी सुझावहरू सिफारिस गरिएको छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन २०७६ को प्रावधानहरूमा निम्न संशोधन आवश्यक छः

- समयमै र सबैमा जन्म दर्ता बढाउन र सहज बनाउन ऐनको दफा १८ मा आमापट्टिका हजुर बुवा र हजुरआमा, सार्वजनिक तथा निजी स्वास्थ्य संस्था, विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रहरूलाई जन्मको सूचनादाताको रूपमा समावेश गर्ने व्यवस्था हुनुपर्छ र बालबालिकाको जन्मको सूचना दिन जिम्मेवारी सहित उत्तरदायी बनाउनु पर्दछ। नेपालको संविधानको धारा ३८ र बालबालिकासम्बन्धी ऐनको दफा (४) सँग मेल खाँदै आमाले स्वतन्त्र रूपमा जन्म दर्ता गर्न पाउने गरी दफा १८ लाई पनि परिमार्जन गरिनुपर्छ । जन्म दर्ता र जन्म सुचना दुई फरक कुरा हुनाले यी सर्तहरूलाई एउटै दफा अन्तर्गत स्पष्ट रूपमा परिभाषित गरिनुपर्छ।
- निःशुल्क, अनिवार्य र समयमै जन्म दर्ता सुनिश्चित गर्नको लागि ढिलाइ हुदाँ लाग्ने शुल्क हटाउन ऐनको दफा १९ (३) लाई परिमार्जन गरिनुपर्छ ।
- दफा २०(२) ऐन लागू भएको जिल्लाहरूमा राष्ट्रिय परिचयपत्र नभएका आमाबुवाका बालबालिकाहरूको जन्म दर्ता गर्न निषेध गरेको छ। तसर्थ, बालबालिकाको जन्म दर्ताको मौलिक अधिकार सुनिश्चित गर्न यो प्रावधान हटाउनुपर्छ।
- बालबालिकाको नाम, उमेर, लिंग, र अन्य विवरणहरू सच्याउन कुनै पनि समय सीमा नहुने गरि  दफा २५ परिमार्जन गरिनुपर्छ। बालबालिकाको नाम, उमेर, लिङ्ग, र अन्य विवरणहरू सच्याउनको लागि एक वर्षको समय सीमा हुदाँ विविध लिङ्ग पहिचान भएका (अन्तरलिङ्गी, ट्रान्सजेन्डर महिला, ट्रान्सजेन्डर पुरुष) व्यक्तिहरूमा उपयुक्त र व्यावहारिक हुदैन । त्यसैले उनीहरुको लैङ्गिक पहिचान परिवर्तनको अधिकार सुनिश्चित गर्न समयसीमा परिमार्जन गरिनुपर्छ ।
- ऐनमा जन्म दर्ता प्रवर्द्धन सम्बन्धी गतिविधिहरू सुनिश्चित गर्न राज्यको उत्तरदायित्व हो भन्ने प्रावधानहरू छैनन्। तसर्थ, संघीय, प्रादेशिक र स्थानीय सरकारहरूले जन्म दर्तालाई प्रवर्द्धन गर्ने सुनिश्चितताका लागि कानुनी व्यवस्था हुनुपर्छ। जन्म दर्ता  प्रवर्द्धनलाई कार्यान्वयन गर्ने सुनिश्चित गर्न आवधिक कार्य योजना र वार्षिक बजेटहरू निर्माण गर्न पनि सरकारहरूलाई यो प्रावधानले सहयोग गर्नुपर्छ।

- सामाजिक सुरक्षा कार्यक्रमलाई व्यक्तिगत घटना दर्तासँग जोड्ने ठोस कानुनी व्यवस्था हुनुपर्छ । यसले सरकारलाई सामाजिक सुरक्षा प्रदान गर्न बाध्य बनाउँछ भने व्यक्तिगत घटना दर्ता गर्न मानिसहरूलाई प्रोत्साहन गर्छ।
- राष्ट्रिय पहिचान र सम्बन्धित कागजातको अभावमा अघिल्लो कानून बमोजिम व्यक्तिगत घटनाहरू दर्ता गर्न अस्वीकार गरिएका वयस्क व्यक्तिहरूको जन्म र अरू महत्त्वपूर्ण व्यक्तिगत घटनाहरूको दर्तालाई सहजीकरण गर्न ठोस कानुनको व्यवस्था हुनुपर्छ। यस प्रावधान थप हुन सकेमा प्रत्येक बालबालिकाको जन्म दर्ता सुनिश्चित हुनेछ।
- जन्म र अन्य व्यक्तिगत घटना दर्ता नगर्ने पञ्जिकाधिकारीहरूको विकल्पको बारेमा ऐनमा व्यवस्था हुनुपर्छ।
- बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्न अभिभावकको राष्ट्रियता नखुलेमा वा राष्ट्रिय परिचयपत्र प्रमाण नभएको आधारमा कानूनले जन्म दर्ता नगर्ने व्यवस्थालाई खारेज गरिनुपर्छ।
- शरणार्थी वा राष्ट्रियता अज्ञात रहेको अभिभावकको बालबालिकाको जन्म दर्ता गर्न अनुमति दिने कानुनी प्रावधान हुनुपर्छ।
- जातीय, लिङ्ग, वर्ग र अपाङ्गताका आधारमा भेदभाव गर्ने पञ्जिकाधिकारिहरू जसले आफ्नो कर्तव्य पूरा नगरि आफु पदमा हुँदा पद शक्तिको दुरुपयोग गरि सेवाग्राहीको मौलिक अधिकारको हनन गर्छन् त्यस्ता पञ्जिकाधिकारिहरूलाई विभागीय कारबाही गर्ने ऐनको व्यवस्थामा मिलाउनुपर्छ। यस प्रावधानले अनुगमन संयन्त्र स्थापना गर्न र पञ्जिकाधिकारिहरूलाई थप जवाफदेही बनाउन मदत गर्दछ ।
- जन्म दर्ता सम्बन्धी विभिन्न कानून र नियमहरू बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी संहिता २०७४, सुरक्षित मातृत्व र प्रजनन अधिकार ऐन २०७५, र विभिन्न निर्देशनहरू र परिपत्रहरुमा समेत रहेको छ । यस्ता छरिएका विभिन्न प्रावधानहरूलाई कानूनमा एकीकृत र सुव्यवस्थित गरिनुपर्छ। यस्ता छरिएका विभिन्न प्रावधानहरूलाई विशेष कानूनमा गाभ्दा आम नागरिक र पञ्जिकाधिकारीहरूलाई जन्मदर्ता अभ्यासमा पहुँच बढाउन सहज बनाउछ।

## प्रक्रियागत प्रावधानहरूको सुधार

केही सकरात्मक कानुनी प्रावधानहरू हुँदाहुदै पनि केही प्रक्रियात्मक प्रावधान र अभ्यासहरूले जन्म दर्ता र बालबालिकाहरूको पहिचानको पहुँचमा बाधा पुऱ्याएको पाइन्छ। तसर्थ, थप स्पष्टताका लागि र जन्म दर्तामा पहुँच सुनिश्चित गर्न निम्न प्रक्रियागत प्रावधानहरूलाई परिमार्जन गर्न आवश्यक छ।

- नियमको अनुसुची १० ले महिलाहरूले आमाको नाममा स्वतन्त्र रूपमा जन्म दर्ता गर्दा पुलिस प्रमाणीकरण रिपोर्टहरू जस्ता थप कागजातहरू उपलब्ध गराउन आवश्यक देखाएको छ जुन नियम भेदभावपूर्ण र असम्भव छ, र यसले लैङ्गिक भेदभाव बिना समान वंशीय अधिकारको ग्यारेन्टी गर्ने संविधानको धारा ३८(१) अन्तर्गत महिलाको मौलिक अधिकारको उल्लङ्घन गर्दछ। यो प्रावधानले महिलाको मौलिक अधिकारको उल्लङ्घन गर्ने, भेदभावपूर्ण र अव्यावहारिक छ तसर्थ: यसलाई हटाइनु पर्छ।
- नियमावलीको अनुसुची २० मा जन्म दर्ता प्रमाणपत्रमा "अन्य" शब्द समावेश भएको छ। लैङ्गिक अल्पसंख्यकहरूलाई तिनीहरूको लिंग चयन गर्दा "अन्य" को सट्टा मनपर्ने शब्दावली प्रयोग गर्न अनुमति दिन नियमावली परिमार्जन गरिनुपर्छ। "अन्य" शब्दको प्रयोगः नियमावलीको अनुसूची १० मा लिङ्ग तोकिएको ठाउँमा महिला, पुरुष र "अन्य" शब्दहरू प्रयोग भएको छ। "अन्य" शब्दले पुरुष र महिला बाहेक अल्पसङ्ख्यिक लैङ्गिक पहिचान भएकाहरूलाई सम्मानपूर्वक आफ्नो पहिचान घोषणा गर्ने अधिकार बाट सीमित गरेको देखिन्छ।
- नियमहरूको अनुसूची २० मा रहेको जन्म दर्ता प्रमाणपत्र ढाँचामा बुबा र आमाको विवरणहरू रेकर्ड गर्ने खण्ड समावेश छ। यद्यपि, त्यस खण्डमा जन्म दर्ता प्रमाणपत्र ढाँचामा विवरणहरूको दुवैको विवरण अनिवार्य छ कि छैन भन्ने जानकारी स्पष्ट छैन। अनुसूची २० मा जन्म दर्ता प्रमाणपत्रको ढाँचामा बुबाको पहिचान नभएको, बुबाको पहिचान पत्ता लगाउन नसकिने वा बुबाको ठेगाना नखुलेको महिलाका छोराछोरीको बाबुको विवरण खुलाउन अनिवार्य छैन भनी स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ। साथसाथै बलात्कार, वेश्यावृत्ति र बेचबिखनबाट जन्मेका बालबालिकाहरूमा समेत यो प्रावधान लागु गर्नुपर्दछ। जन्म दर्ता नगर्न वा ढिलाइ हुन नदिन र त्यस्ता फारमहरू अन्य कानुनी प्रावधानहरूसँग सुसंगत छन् भनी सुनिश्चित गर्न जसले आमाहरूलाई विशेष परिस्थितिमा जन्म दर्ता गर्ने अधिकार दिन्छ।

**प्राविधिक पक्षहरूमा सुधारहरू**

- जन्म दर्ताको डिजिटलाइजेशनले जन्म दर्ता अभ्यासलाई सहयोग पुगेको छ। यद्यपि, केही प्राविधिक बाधा र सीमितताहरू पहिचान गरिएका छन् जसले जन्म दर्ताको पहुँचमा पञ्जिकाधिकारिहरू र जानकारी दिनेहरू बीच कठिनाइ र अस्पष्टता सिर्जना गरेको छ। जन्म दर्तामा पहुँच सुधार गर्न निम्न प्राविधिक समस्याहरू समाधान गर्नुपर्ने अध्ययनले देखाएको छ।

| प्राविधिक समस्याहरू | आवश्यक सुधारहरू |
|---|---|
| सफ्टवेयरले आमाबाबुको विवाह विवरण र नागरिकता स्थिति सम्बन्धी जानकारी नभरी अगाडी बढ्ने अनुमति दिँदैन। | आमाबाबुको वैवाहिक स्थितिको विवरण नभरी बालबालिकाहरूको जन्म दर्ता गर्न अनुमति दिन अनलाइन जन्म दर्तामा प्रयोग गरिएको सफ्टवेयर अद्यावधिक हुनुपर्छ। |
| एकिकृत तथ्याङक प्रणालीको अभाव। | एकिकृत तथ्याङक प्रणाली स्थापना गर्नुपर्छ |
| प्राविधिक ब्याकअप र कमजोर सर्भर | प्राविधिक ब्याकअपहरू बलियो बनाउने |
| पञ्चिकाधिकारीहरूको कार्यालय टाढा हुदाँ अभिभावकहरूलाई कार्यलय पुग्न कठिनाई | जन्म दर्तालाई सूचित गर्न मोबाइल सूचना प्रणाली प्रवर्द्धन गर्ने। अनलाइन दर्ताको साथ जन्म दर्ता प्रणाली डिजिटलाइज गर्ने, जुन अफलाइन पनि प्रयोग गर्न सकिन्छ। |

CRVS प्रणालीको व्यापक सचेतना र प्रवर्द्धन गर्दा मात्रै जन्म दर्ता सफल हुन सक्छ। तसर्थ, विस्तृत CRVS प्रणालिलाइ सुधार गर्न निम्न कार्यहरूको सुझाव अध्ययनले दिएको छ।

- विभिन्न महत्त्वपूर्ण व्यक्तिगत घटनाहरूको आवश्यकता र अन्तरसम्बन्धलाई सूचित गर्नका लागी एक बलियो मिडिया अभियानको विकास गर्ने।
- आवश्यक कानूनी कागजातको बारेमा प्रत्येक व्यक्तिगत घटना दर्ताको लागी अलग जानकारी सामग्री प्रदान गर्ने।
- माध्यमिक शिक्षा पाठ्यक्रममा CRVS शिक्षालाई पाठ्यक्रमको रूपमा समावेश गर्न पैरवी गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्य गर्न र जन्म दर्ताका सम्बन्धमा रहेका विभिन्न फरक फरक अप्ठ्यारा परिस्थितिको बारेमा व्याख्या गर्न पञ्जिकाधिकारीहरूको लागि व्यक्तिगत घटना दर्ता सम्बन्धी मार्गदर्शन पुस्तिका बनाउने।

- अनलाइन शिक्षामार्फत जन्म दर्ता प्रकृया सहजीकरणका लागि आवश्यक सामग्रीहरू निर्माण गरी पञ्जिकाधिकारीहरूलाई अभिमूखीकरण गर्ने।
- पञ्जिकाधिकारीहरू र अभिभावकहरूलाई आवश्यक पर्दा जन्मदर्ता सम्बन्धी सहयोग र सल्लाहको लागि सम्पर्क गर्न हेल्पलाइन सेवा स्थापना र सञ्चालन गर्ने।
- पञ्जिकाधिकारीहरूका लागि नियमित तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू गर्ने।
- पञ्जिकाधिकारीहरूको कार्यसम्पादन सूचकहरूमा CRVS कार्यसम्पादन सूचकहरू पनि समावेश गर्ने ।
- नगरपालिका स्तरमा जन्म दर्ता र अन्य VERS लाई सहयोग गर्न एक तोकिएको कर्मचारी नियुक्त गर्ने।

यस अध्ययनमा सहभागी भएका सहभागीहरूले जन्म दर्तासँगै CRVS प्रणालीको अभ्यास र सुदृढीकरणका लागि विभिन्न स्थानीय र स्थानियहरूको समर्थनले महत्वपुर्ण भुमिका खेल्ने सुझाव दिए। जन्म दर्ता अभिवृद्धि गर्न स्थानीय राजनीतिक नेताहरूहरूलाई परिचालन गर्न निम्न कार्यहरू गर्नुपर्ने सुझाव दिइएको छ।

- बाल क्लबहरू, आमा समूहहरू, र अन्य स्थानीय समुदायमा आधारित संस्थाहरूलाई जन्म र अन्य महत्त्वपूर्ण व्यक्तिगत घटना दर्ताको महत्त्व, कानुनी आवश्यकताहरू, र प्रवर्द्धन र सहजीकरणको बारेमा शिक्षा र तालिम दिने।
- स्थानीय निर्वाचित जनप्रतिनिधिहरूलाई जन्मदर्ताको महत्त्व, कानुनी प्रावधानहरूका बारेमा प्रस्ट बनाउदै आफ्नो  सहयोगी भूमिकाबारे उहाँहरूलाई सचेत बनाउने।
- स्थानीय सरकारलाई शत प्रतिशत जन्म दर्ता गरिएको वार्ड, शत प्रतिशत जन्म दर्ता गरिएको समुदाय, शत प्रतिशत जन्म दर्ता गरिएको वर्षको रूपमा स्थापना गर्न प्रेरित ग गरि  सामाजिक स्वयंसेवकहरूलाई प्रोत्साहन गर्न वार्षिक पुरस्कार सहितको प्रोत्साहन पुरस्कार प्रदान गर्ने।
- सामाजिक सुरक्षा योजना र  कार्यालय समय पछि पनि सेवा दिने व्यवस्था प्रवर्द्धन गर्ने

सामाजिक सुरक्षा योजनाहरूले समुदायलाई जन्म दर्ता र अन्य अत्यावश्यक व्यक्तिगत घटना दर्ताको अभ्यास गर्न प्रोत्साहित गरेको अध्ययनले देखाएको छ। सीमान्तकृत र पिछडिएका समुदायका बालबालिकालाई सामाजिक सुरक्षा योजना धेरै लाभान्वित भएको छ जुन योजना बाट उनिहरूले जन्म दर्तामा आफ्नो पहुँच बढाउन सफल भएका छन्। जन्म दर्तालाई

प्रोत्साहित गर्न सामाजिक सुरक्षा योजनाहरूमा अभ्यास गर्नका लागि निम्न कार्यहरू सुझाव गरिएको छ।

- स्थानीय सरकारद्वारा पोषण खाद्य प्याकेज, स्टेशनरी प्याकेज, जरिवाना र शुल्क छुट सहित समुदाय र विद्यालयहरूमा जन्मदर्ता शिविर सञ्चालन गर्ने।
- स्थानीय सरकारका कार्यक्रमहरूमा जन्म दर्ता सम्बन्धी कार्यक्रम स्वास्थ्य संस्थाहरू र विद्यालयहरूसँग एकीकृत गर्ने र बालबालिकाका लागि पोषण र शिक्षा भत्तालाई पनि समावेश गर्ने।
- सीमान्तकृत, पिछडिएका समुदायहरू र कम जन्म दर्ता अभ्यास भएका समूहहरू पहिचान गरि त्यसता समुहहरूमा लक्षित गर्दै प्रोत्साहन, भत्ता र सामाजिक सहायता कार्यक्रमहरूको योजना बनाउन अध्ययनले सुझाव दिएको छ।

लक्षित समूह छलफलबाट आएका सुझावहरु

| समस्या | सुझाव | जिम्मेवार |
|---|---|---|
| अभिभावकमा जन्मदर्ताको महत्व बारे चेतना र ज्ञानको अभाव | • घरदैलो सचेतना कार्यक्रम<br>• नगरपालिका तथा वडा स्तरीय जनचेतना र संवेदनशिलताका कार्ययोजनाहरू उपयुक्त स्रोतसाधनको साथ तयार गर्ने र CBOs, CSOs, विधालयहरू र स्थानीय राजनीतिक नेताहरूसँगको सहकार्य र समन्वयमा कार्यान्वयन गर्ने। | नगर समिति सदस्य र वडा समिति सदस्यहरु |
| पञ्जिकाधिकारिहरूमा कानुनी चेतनाको कमी | • जन्म दर्ता सम्बन्धी तालिमका लागि हाते पुस्तिका र पञ्जिकाधिकारीको सहजीकरणका लागि कार्यविधि निर्माण गर्ने<br>• स्थानीय पञ्जिकाधिकारहरूका लागि आवधिक रूपमा आधारभूत<br>• व्यक्तिगत घटना व्यवस्थापन सम्बन्धी वार्षिक समिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने। | स्थानीय सरकार, संयुक्त राष्ट्र संघका एजेन्सीहरू लगायत अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँगको सहकार्यमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| • बालविवाहबाट जन्मिएका बालबालिकामा जन्मदर्ताको | • राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ अन्तर्गत अनुसुची १० मा रहेको वैवाहिक जानकारी | गृह मन्त्रालय |

| | | |
|---|---|---|
| अभ्यास कम हुने।<br>• बलात्कार/वेश्यावृत्ति र बालिका बेचबिखनबाट जन्मिएका बालबालिकामा जन्मदर्ता सम्बन्धी समस्या।<br>• बुबाको उपस्थिति नहुनु<br>• बुबाले बच्चाको पहिचान गर्न अस्वीकार **गर्नु** | (विवाह मिति र विवाह दर्ता नम्बर) उपलब्ध गराउने बारे व्यवस्थालाई परिमार्जन गरिनुपर्ने।<br>• आमाबाबुको वैवाहिक स्थितिलाई ध्यान नदिई बच्चाहरूको जन्म दर्ता गर्न अनुमति दिन जन्म दर्तामा प्रयोग गरिएको सफ्टवेयर अद्यावधिक हुनुपर्छ।<br>• राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को अनुसुची -१० अन्तर्गत बाबुको पहिचान नभएमा प्रहरीले प्रमाणीत गर्नुपर्ने प्रावधानलाई परिमार्जन गरिनुपर्छ। | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग |
| • कानूनी कागजातहरूको अभाव<br>• वसाईसराई गरेका जनसंख्याहरूमा कम जन्म दर्ता रहेको | • जन्मदर्ता अभ्यास सुदृढ गर्नका लागि चाहिने आवश्यक कागजात सुनिश्चित गर्न अन्य व्यक्तिगत घटना दर्ता (विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, र मृत्यु) सम्बन्धी सचेतना<br>• .वसाईसराई भएकाहरूको हकमा जहाँ वच्चा जन्मिएको हुन्छ त्यहाँ जन्म दर्ता गर्न पाउने गरि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐनलाई परिमार्जन गरिनुपर्छ ।<br>• केन्द्रीय तथ्याङ्क प्रणाली स्थापना गर्नुपर्छ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग<br><br>गृह मन्त्रालय<br><br>संघीय संसद |
| • **जन्म दर्ता ढिला गर्दा लाग्ने शुल्कले जन्मदर्ता अभ्यासलाई हतोत्साहित गर्दछ।** | • राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन अन्तर्गत, ३५ दिनपछि जन्म दर्ता गर्दा लाग्ने ढिलाई शुल्क व्यवस्थालाई परिमार्जन गरिनुपर्छ । | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग<br>गृह मन्त्रालय<br>संघीय संसद |

| | | |
|---|---|---|
| • **अलपत्र परेका, सडक बालबालिका र अनाथ बालबालिकाको जन्म दर्ता गर्न चुनौती रहेको छ।** | • राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐनमा रहेको अभिभावकीय सिद्धान्त अनुसार अलपत्र परेका, सडक बालबालिका र अनाथ बालबालिकाको संरक्षण र यिनिहरूको जन्म दर्ताका लागि राज्यलाई जिम्मेवार बनाउने प्रावधान थपिनुपर्छ।<br>• राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐनले नेपालको भूभागमा बालबालिका फेला परेका छन् वा छैनन्, अभिभावक नभएका बालबालिका छन् वा छैनन्, सडक बालबालिका छन् वा छैनन् र अलपत्र गरिएका बालबालिका छन् वा छैनन् भन्ने विषयको प्रमाणीकरण र अभिलेखीकरण गर्ने जिम्मेवारी कसले लिने र जिम्मा लिने व्यक्तिको भूमिका र जिम्मेवारी बारे ऐनले परिभाषित गर्नुपर्छ।<br>• वैकल्पिक हेरचाहमा बालबालिकालाई भर्ना गर्नका लागि चाहिने उचित कागजातका विषयमा उनिहरूको भूमिका र जिम्मेवारीहरूको बारेमा स्पष्ट रूपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐनले परिभाषित गर्नुपर्छ।<br>• अलपत्र परेका, सडक बालबालिका, आ माबाबु तथा अभिभावकविहीन बालबालिकाको हकमा वडा अध्यक्ष एक सूचनादाताको रूपमा आफ्नो भूमिका र जिम्मेवारीप्रति सचेत र संवेदनशील हुनुपर्छ। | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग<br><br>गृह मन्त्रालय<br><br>संघीय संसद<br><br>स्थानीय सरकार, CSOs सँगको सहकार्य, अन्तर्राष्ट्रिय विकास साझेदारहरू, र संयुक्त राष्ट्र एजेन्सीहरू |

| | | |
|---|---|---|
| • **आवश्यक परेको बेला मात्रै जन्म दर्ता गर्ने अन्यथा जन्म दर्ता नगर्ने ।** | • प्रोत्साहन भत्ता र सामाजिक सुरक्षा योजनाहरूको पहुँच र दायरा बढाउँदै लानु पर्ने जस्तै जन्म दर्ता गरेको प्रमाणपत्र भएमा दुई वर्षसम्मका बालबालिकालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने र प्रत्येक बालबालिकालाई पोषण भत्ताको व्यवस्था गर्ने।) <br>• जन्म दर्ता ढिलाई हुदाँ लाग्ने शुल्क नलिने। <br>• मानिसहरूलाई आधारभूत आवश्यकता महसुस गराउन जन्म दर्ता महत्वपुर्ण छ । <br>• समुदायस्तर अन्तरक्रिया, सामाजिक सञ्जाल र मल्टि-मिडिया मार्फत जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने। <br>• | अन्तर्राष्ट्रिय विकास साझेदारहरू, <br>प्रदेश सरकार, <br>स्थानीय सरकार |
| • **वडा कार्यलयमा धेरै पटक जानु पर्ने बाध्यता** | • जन्मदर्ता गर्नके लागि तोकिएको कर्मचारी हुनुपर्ने। <br>• प्राविधिक व्याकअपको व्यवस्था हुनुपर्ने। <br>• वडा कार्यालयहरूमा हेल्प डेस्कको अनिवार्य सुविधा हुनुपर्ने। <br>• वडा सदस्यहरू र पञ्जिकाधिकारिहरूलाई आफ्नो उत्तरदायित्व र सुशासनको बारेमा सचेत बनाउने। <br>• ऐन मार्फत गुनासो सम्बोधन गर्ने संयन्त्र स्थापना गर्ने। <br>• जातीय, लिङ्ग, वर्ग र अपाङ्गताका आधारमा भेदभाव गर्ने पञ्जिकाधिकारिहरू जसले आफ्नो कर्तव्य पूरा नगरि आफु | संघीय सरकार <br>स्थानीय सरकार |

| | | |
|---|---|---|
| | पदमा हुँदा पद शक्तिको दुरुपयोग गरि सेवाग्राहीको मौलिक अधिकारको हनन गर्छन् त्यस्ता पञ्जिकाधिकारिहरूलाई विभागीय कारबाही गर्ने ऐनको व्यवस्थामा मिलाउनुपर्छ। | |
| • **वडा कार्यलयहरू टाढा हुनु** | • पहुँचविहीन र पिछडिएका समुदायसम्म पुग्न समुदाय स्तरमा नियमित जन्म दर्ता शिविर मार्फत जन्म दर्तामा पहुँच बढाउने ।<br>• जन्म दर्ता गर्ने प्रणालीलाई अनलाइन दर्ताको साथ डिजिटलाइज गर्ने, जुन अफलाइन पनि प्रयोग गर्न सकिन्छ।<br>• विधालयहरू भर्ना लिने महिनामा विद्यालयहरूमा जन्म दर्ता शिविरहरू सञ्चालन गर्ने।<br>• स्वास्थ्य संस्था र घटना दर्ता तथा पञ्जिकरण सम्बन्धी गतिविधिहरूलाई एक अर्का सँग जोड्ने (एक अर्काको पुरक बनाउने) । सार्वजनिक र निजी स्वास्थ्य संस्थाहरू, स्वास्थ्य चौकीहरू, मिडवाइफहरू, र प्रसव केन्द्रहरूलाई मृत बच्चाहरूको बारेमा स्थानीय पञ्जिकाधिकारीहरूलाई सूचित गर्न जिम्मेवार बनाउने। | स्थानीय पञ्जिकाधिकारीहरू, स्थानीय सरकार<br><br>व्यक्तिगत घटना दर्ता विभाग,<br><br>विद्यालयहरू |

| | | |
|---|---|---|
| • **यौनिक अल्पसङ्ख्यक जस्तै इन्टरसेक्स र ट्रान्सजेन्डर समुदायहरूको जन्म दर्ता एउटा चुनौती रूपमा रहेको छ।** | • बच्चाको नाम, उमेर, लिंग र अन्य विवरणहरू सच्याउन कुनै समय सीमा नरहने गरि ऐनलाई परिमार्जन गरिनुपर्छ।<br>• यौनिक अल्पसंख्यकहरूले आफ्नो लैङ्गिक पहिचानमा "अरू" शब्दको सट्टा मनपर्ने शब्दावली प्रयोग गर्न अनुमति पाउने गरि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली परिमार्जन गरिनुपर्छ। | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग<br><br>गृह मन्त्रालय<br><br>संघीय संसद |